# QR सेवा आवेदन फारम

# (QR Service Application Form)

मिति (Date) D D M M Y Y Y Y

## सहकारी संघ/संस्थाको विवरण (Co-operative's Details)

सहकारी संघ/संस्थाको नाम : (Co-operative's Name)

सहकारी संघ/संस्थाको ठेगाना : (Co-operative's Address) ........................................................................................................................................

कारोवार गर्ने शाखा : (Associated Branch) ........................................................................................................................................

खाता नम्बर: (Account Number)

खाताको प्रकार : (Type of Account) ☐ बचत (Saving) ☐ अन्य (Others)

खाताको नाम : (Name of Account) ........................................................................................................................................

सहकारी संघ/संस्थाको ईमेल : (Email Address)

सम्पर्क व्यक्तिको नाम : (Contact Person's Name) ........................................................................................................................................

सम्पर्क व्यक्तिको मोबाईल नम्बर : (Contact Person's Mobile No.)

QR सेवामा दर्ता हुने मोबाईल नं : (QR Registration Mobile No.)

### खाताबाट हुने अनुमानित बार्षिक कारोबारको सङ्ख्या (Estimated Number of Annual Transactions)

☐ ५० वटा सम्म Up to 50 nos. ☐ ५०-१०० वटा सम्म 50-100 nos. ☐ १००-२०० वटा सम्म 100-200 nos. ☐ २०० देखि माथि 200 Plus nos.

...............................................
आधिकारिक दस्तखत
(Authorized Signature)

नाम :
पद :
मिति :

...............................................
संस्थाको छाप

## बैंकिङ प्रयोजनको लागि मात्र (Only for Bank's Purpose)

Additional Details of Co-operative

MID:
PAN:

...........................................
Checked By
Name:
Date:

...........................................
Approved By
Name:
Date:

# शर्त तथा बन्देजहरू (Terms and Conditions)

## परिभाषा

१. "बैंक" वा "NCBL" वा "Merchant" भन्नाले राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई बुझ्नु पर्दछ ।

२. "Sub Merchant" भन्नाले यस फारम भरि सेवा उपभोग गर्ने सहकारी संघ/संस्थालाई बुझ्नु पर्दछ ।

३. "Acquirer" भन्नाले नेपाल राष्ट्र बैंकबाट भुक्तानी सेवा प्रदायकको अनुमति प्राप्त भई यस QR सेवाको प्रदायक एन आई सी एशिया बैंकलाई बुझ्नु पर्दछ ।

४. "QR Network" भन्नाले भुक्तानी प्रणाली संचालक द्वारा Acquirer/Merchant/Sub Merchant लाई प्रदान गरिएको भुक्तानी नेटवर्कलाई बुझ्नु पर्दछ ।

५. "QR Standee" भन्नाले बैंकले Sub Merchant लाई प्रदान गरेको QR Code सहितको संस्थाको विवरण भएको एक प्लास्टिकको स्टयान्ड हो र यसमा भएको QR Code स्क्यान गरी कारोबार गर्न सकिनेछ ।

६. "Online portal" भन्नाले QR Network द्वारा संचालन गरिएको Merchant/Sub Merchant लाई प्रदान गरिने कारोबार विवरण प्रमाणित गर्ने अनलाइन माध्यमलाई  बुझ्नु पर्दछ ।

७. "QR payment" भन्नाले सहकारी संघ/संस्थाको सदस्यहरूले मोबाईल बैंकिङ/वालेट एपको प्रयोग मार्फत QR Code स्क्यान गरी Merchant/Sub Merchant संग गरेको कारेबारलाई बुझ्नु पर्दछ ।

८. "MSF" वा "Merchant Service Fee" भन्नाले QR Network ले भविष्यमा निर्धारण गरे अनुसार बैंकले बुझाउनुपर्ने सेवा शुल्कलाई बुझ्नुपर्दछ र यस सेवा शुल्क  Sub Merchant  को बैंकमा रहेको खाताबाट कटौति गरिनेछ । सो शुल्क कटौतिकालागि यसै फारमलाई डेबिट अथोरिटिको रूपमा मानिनेछ ।

९. "Electronic Notification" भन्नाले सहकारी संघ/संस्थाको सदस्यले QR payment गरे पश्चात सदस्यको मोबाइल बैंकिंग/वालेट एप तथा Sub Merchant को Online Portal मा उत्पन्न हुने कारोबारको विद्युतिय सूचनालाई बुझ्नु पर्दछ ।

१०. "विवाद" वा "Dispute" भन्नाले QR payment गर्दा विभिन्न प्राविधिक समस्याहरूको कारण उत्पन्न हुन सक्ने कारोबार सम्बन्धि असफल लेनदेन लाई बुझ्नु पर्दछ ।

## शर्तहरू

१. यस सेवा उपभोग गर्न ईच्छुक सहकारी संघ/संस्था यस बैंकको सदस्य हुनुपर्नेछ ।

२. Sub Merchant ले यस सेवा उपभोग गर्नकालागि बैंकले प्रदान गरेको Online Portal प्रयोग गर्नुपर्नेछ । यस सेवा अन्तर्गत हुने सम्पूर्ण कारोबारहरूको सेटलमेन्ट प्रयोजनकालागि प्रयोग हुने सहकारी संघ/संस्थाको यस बैंकमा रहेको खाता सहकारी संघ/संस्थाले बैंकलाई प्रदान गर्नुपर्ने छ । सम्पूर्ण कारोबारहरूको सेटलमेन्ट T+1 अथवा QR Network सेटलमेन्ट नियमानुसार गरिनेछ । सेटलमेन्टको प्रकृया बैंकले Sub Merchant संग र Sub Merchant ले आफ्ना सदस्यहरूसंग सेटल गर्ने हुनेछ ।

३. Sub Merchant हरुले नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित Asset Laundering Prevention Act, 2063 र AML/CFT सम्बन्धि नियमहरूको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

४. Sub Merchant तथा Sub Merchant ले आफ्ना सदस्यहरुलाई प्रदान गरेको QR Standee मार्फत हुने कारोबारहरूको सहि रकमको सुनिश्चत गर्ने जिम्मा बैंकको हुनेछैन ।

५. मोबाईल बैंकिङ / वालेट एप मार्फत कारोबार गर्दा सदस्यको एपमा रकम कटौति भई Sub Merchant को Online Portal मा रकम जम्मा भएको नदेखिएको खण्डमा यस विवाद समाधानकालागि Sub Merchant ले सदस्यलाई आफ्नो  मोबाईल बैंकिङ / वालेट एप प्रदायकलाई सम्पर्क गर्न भनि जानकारी गराउनुपर्नेछ । Sub Merchant को तर्फबाट समाधान हुन नसकेका विवादहरू समाधानकालागि ७ दिनभित्रमा बैंकलाई जानकारी गराउनुपर्नेछ ।

६. कुनै त्रुटि वा गल्तिहरूका कारण सफल भुक्तानी भएका कारोबारहरूमा विवाद उत्पन्न भएका खण्डमा उक्त कारोबारहरूको समाधानको दायित्व Sub Merchant र सदस्य बिच हुनेछ । यस विवादको समाधानकालागि बैंकको कुनै पनि भूमिका नरहने र बैंकले यस प्रकारका कारोबारहरूको रकम फिर्ता गर्नेछैन । तल उल्लेखित विवादहरूको विषयमा बैंकको कुनै पनि भूमिका रहने छैन ।
   - सदस्यले QR कारोबार गरे बमोजिमको रकम उक्त सदस्यको सहकारी संघ/संस्थामा रहेको खातामा जम्मा नभएमा
   - Sub Merchant तथा सदस्यहरू बिच गलत सञ्चार भई उत्पन्न हुन सक्ने गलत कारोबारहरू
   - कुनै पनि धोका धडि/अनाधिकृत भुक्तानीहरू

७. तल उल्लेखित अनाधिकृत लेनदेनको लागि Sub Merchant उत्तरदायि हुनेछ
   - जालसाजि प्रयोजनमा सम्लग्न भएमा
   - नोक्सान वा अनाधिकृत प्रयोग पत्ता लागेपछि व्यहवारिक रूपमा बैंकलाई जानकारी गर्न ढिलाई गरेमा
   - आफ्नो QR Standee को उचित सुरक्षाको व्यवस्थापन गर्नमा असफल भई उत्पन्न हुनसक्ने कारोबारहरूमा

८. भुक्तानी लेनदेन वा यसको व्याख्या वा कार्यान्वयनबाट उत्पन्न हुने शुल्क वा दावीहरू सम्बन्धी सबै विवाद र मतभेदहरू नेपालको अदालतको विशेष अधिकार क्षेत्रको अधीनमा हुनेछ।

९. बैंकलाई समय समयमा कुनै पनि शर्त तथा बन्देजहरू परिवर्तन गर्नुपर्ने अवस्था श्रृजना भएका खण्डमा लिखित पूर्व सूचाना प्रदान नगरि परिमार्जन गर्न पूर्णरुपमा अधिकार रहनेछ । यसरी परिमार्जन गरिने शर्त तथा बन्देजहरू Sub Merchant लाई बाध्यकारी हुनेछ ।

१०. यस आवेदनमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिसंग सम्झौताको कार्यान्वयन गर्ने पूर्ण अधिकार रहनेछ र आधिकारिक व्यक्तिको बैंकसंग पूर्ण रुपमा बाध्यकारी दायित्व रहनेछ ।

११. बैंक र Sub Merchant बिच यस सेवाकालगि भएको पूर्व सम्झौतालाई यस सम्झौताले प्रतिस्थापन गर्नेछ र कुनै पनि पक्षबाट सेवा भंग नगरिए सम्म यस सम्झौता लागु रहनेछ । यदि कुनै कारणबस सम्झौता भंग गर्नुपरेमा  बैंकलाई ३० दिन अघि नै लिखित जानकारी गराउनुपर्नेछ । साथै अत्याधिक संकास्पद कारोबारहरू देखिएको खण्डमा बैंकद्वारा Sub Merchant लाई प्रदान गरिएको सेवा कुनै पनि समयमा बिना पूर्व जानकारी निस्कृय गर्न सकिनेछ ।

१२. QR Standee हरेक समय सहकारी संस्थाको निगरानीमा  रहनेछ ।

१३. सहकारी संघ/संस्थाले यस फारमा भरेका सम्पूर्ण विवरणहरू सहि हुनुपर्ने छ, विवरणहरू झुट ठहरिएमा बैंकले यस सेवाबाट जुनसुकै बेला अलग गराउन सक्नेछ ।

१४. सहकारी संघ/संस्थाले यस फारमा भरेका ईमेल ठेगाना र फोन नम्बर यस सेवामा दर्ता गर्नकालागि प्रयोग गरिनेछ ।

१५. यस फारममा भरिएका विवरणहरू हेर फेर गर्नुपरेमा अनिवार्य रूपमा बैंकलाई जानकारी गराउनुपर्ने छ ।

१६. कारोबारहरूको सत्यता यकिन गर्न समय समयमा merchant portal वा statement मा कारोबारहरूको विवरण जांच गर्ने जिम्मा सहकारी संस्थाको हुनेछ ।

..............................................

**आधिकारिक दस्तखत**

(Authorized Signature)

**नाम** :

**पद** :

**मिति** :

..............................................

**संस्थाको छाप**